# देउराली जनताद्वारा उत्पादित दीर्घरोगका औषधिहरू बजारमा

● नेपाल समाचारपत्र
काठमाडौं।

विदेशी कम्पनीसँग प्रतिस्पर्धा गर्दै नेपालको औषधि उत्पादक देउराली जनता फर्मास्युटिकल्सले शुक्रबार एक समारोहको आयोजना गरी दीर्घकालीन रोगको उपचारमा प्रयोग हुने औषधिहरू सुस्वास्थ्य डिभिजनमार्फत औपचारिक रूपमा नेपाली बजारमा ल्याएको छ।

वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा आयोजित समारोहमा नेपालका ख्यातिप्राप्त चिकित्सकहरूले कम्पनीको सफलताका लागि शुभकामना प्रकट गरे।

उनीहरूले देशको उच्च प्रविधिमा आधारित कम्पनीको भविष्य सुनिश्चित गर्न सरकारले पनि ध्यान दिनुपर्ने धारणा प्रकट गरे। विश्व स्वास्थ्य संगठनको जीएमपी र गुणस्तरसम्बन्धी आईएसओ प्रमाणपत्रहरू पाएको कम्पनीका उत्पादनहरू मात्र बिरामीहरूलाई सिफारिस गर्न उनीहरूले आग्रह पनि गरे।

कार्यक्रममा बोल्दै देउराली जनताका कार्यकारी निर्देशक हरिभक्त शर्माले नेपालीहरूले पनि आफ्नो स्वास्थ्य रक्षाका लागि गुणस्तरीय औषधि पाउनुपर्ने आवश्यकता बोध गरेर देउराली जनताले स्तरीय औषधिहरू बजारमा ल्याएको बताउनुभयो।



सुस्वास्थ्य डिभिजनको शुभारम्भ कार्यक्रममा सहभागी चिकित्सकहरू। तस्वीर : नेस

आफ्ना औषधिहरू संसारका कुनै पनि कम्पनीले उत्पादन गर्ने औषधिको तुलनामा कमसल नरहेको उल्लेख गर्दै उहाँले सम्बद्ध सबै क्षेत्रको सहयोग भए कम्पनीले देशमा औषधिको आत्मनिर्भरताका लागि गरेको प्रयास सार्थक हुने बताउनुभयो।

सुस्वास्थ्य डिभिजनमार्फत बजारमा मुटु, नशालगायतका दीर्घकालीन रोगका औषधिहरूको बिक्रीवितरण शुरू गरी आक्रामक बजारीकरणमा ओर्लिएको कम्पनीलाई कार्यक्रममा चिकित्सकका विभिन्न पेसागत संगठनका प्रमुखहरूले बधाई ज्ञापन गरेका थिए।

नेपाल चिकित्सक संघका पूर्वअध्यक्ष लक्ष्मण पौडेलले सुस्वास्थ्य डिभिजनको उद्घाटन गर्नुभएको थियो। त्यस क्रममा नेप्लिज सोसाइटी अफ न्युरोसाइन्सेजका अध्यक्ष डा. उपेन्द्र देवकोटा, नेपाल मेडिकल काउन्सिलका अध्यक्ष डा. सोमनाथ अर्याल, नेपाल चिकित्सक संघकी अध्यक्ष डा. सुधा शर्मा, डा. महेश खकुरेल, डा. जगदीशलाल वैद्य, डा. केएन रायमाझी, डा. अरुण सायमी, डा. कस्तुरी मल्ल, डा. चन्दा कार्की, डा. रोशना अमात्य, डा. विमलकुमार सिन्हा, डा. दिनेशविनोद पोखरेल, डा. केवी क्षेत्रीले कम्पनीलाई शुभकामना दिनुभएको थियो। विदेशी कम्पनीको थिचोमिचो भइरहेको बेला स्तरीय औषधि लिएर अघि बढेको कम्पनीलाई साथ दिन चिकित्सकहरूले सहकर्मीहरूसँग आग्रह पनि गरेका थिए।

चिकित्सक र व्यवसायीहरूको उपस्थिति रहेको कार्यक्रममा कम्पनीका राष्ट्रिय बिक्री व्यवस्थापक मुकेन्द्र सिंहले स्वागत गर्नुभएको थियो भने कम्पनी उपाध्यक्ष मणिरत्न शाक्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो। नेपाली कम्पनी बजार व्यवस्थापनमा यसरी आक्रामक रूपमा ओर्लिएको यो पहिलोपटक भएको व्यवसायीहरू बताउँछन्।

करिब ३१ करोड चालू पुँजीमा धापासीस्थित अध्याधुनिक प्रविधिले सुसज्जित कारखानाबाट कम्पनीले ८० प्रकारका स्तरीय औषधिहरू नेपाली बजारमा ल्याएको छ।

नेपालको बजारमा प्रतिस्पर्धी मानिएको यो कम्पनीले निकट भविष्यमा आफ्ना उत्पादन विदेशी बजारमा निर्यात गर्ने लक्ष्य लिएको छ। कार्यक्रममा विशाल जनसमूह, व्यावसायिक संस्थाका प्रतिनिधि र चिकित्सा क्षेत्रका व्यक्तिहरूको सहभागिता थियो।